नेपाल सरकार

**भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय**

सिंहदरवार,काठमाडौं

# गरीव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको लागि सूचना प्रविधि अधिकृत करारमा भर्नाका लागि निवेदन आव्हानको सूचना

**सूचना प्रकाशन मितिः२०७६/०९/०६**

यस मन्त्रालयको आर्थिक वर्ष २०७६/७७ को गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत **सूचना प्रविधि अधिकृत** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) बमोजिम करारमा भर्ना गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता र अनुभव पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र रु. १०|- को टिकट टाँसी यस मन्त्रालयमा निवेदन पेश गर्न आव्हान गरिएको छ। निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यलय खुलेको पहिलो दिनको कार्यालय समयमा निवेदन दर्ता गराउनु पर्ने छ ।

## तपसिल

१) **आवश्यक संख्याः-** २

**२) आवश्यक योग्यता**

i) **उम्मेदवारको उमेर हदः** निवेदन दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

ii) **न्यूनतम शैक्षिक योग्यता र तालिमः** कार्यशर्तनामा(Terms of Reference)मा उल्लेख भए अनुसार ।

iii) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको ।

३) **सेवाको किसिमः-** करार ।

४) **काम गर्नुपर्ने स्थानः** भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय मुकाम गरी मन्त्रालयबाट तोकिए अनुसार ।

५) **समयावधिः-** २०७७ असाढ मसान्त सम्म हुनेछ र आवश्यकता अनुसार मन्त्रालयले म्याद थप गर्न सक्नेछ ।

६) **कार्य विवरणः-** मन्त्रालयले स्वीकृत गरेको कार्यशर्तनामा (Terms of Reference) र सम्झैताको शर्त अनुसार हुनेछ।

७) **छनौट आधार :-** प्रारम्भिक सूचि र अन्तरर्वार्ता ।

८) **सेवा सुविधा :-** पारिश्रमिक नेपाल सरकारको राजपत्रांकित तृतिय श्रेणीको शुरु तलवमान बराबरको हुने / कार्यालयको काममा अनुगमन,सुपरीवेक्षण लगायतका कार्यमा खटिँदा नेपाल सरकारको राजपत्रांकित तृतिय श्रेणीले पाउने सेवा सुविधा समेत पाउनेछ ।

९) **पेश गर्नुपर्ने कागजात विवरण :-** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित कार्यशर्तनामा (Terms of Reference) मा उल्लेख भए अनुसारका कागजातहरु । रित नपुगेका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

१०) थप जानकारीको लागि ०१-४२००६३२, ९८५१०१४६७८, ९८४३०१४३७०, ९८५१२११९८२, ९८४१२०७७९५, ९८४१६९५१८४।

# गरिब घरपरिवार पहिचान गर्न आवश्यक पर्ने सूचना प्रविधि अधिकृतको कार्यशर्तनामा (Terms of Reference - TOR)

**परिचय** :

गत आर्थिक वर्ष २०७५।७६ मा १२ जिल्लामा र यस आर्थिक वर्षमा २०७६।७७ मा ११ जिल्लामा MToT, ToT लगायत तालिम सञ्चालन गरी स्थानीय निकायबाट नियुक्त भएका गणक सुपरीवेक्षकहरुलाई तालिम प्रदान गर्ने कार्य भैरहेको तथा सबै घरपरिवारहरूको आधारभूत विवरण संकलन गर्ने कार्य समेत भइरहेको छ । यसरी संकलित तथ्यांक केन्द्रीय डाटावेशमा syncronize गरी डाटा सञ्चित हुने र उक्त डाटाहरुको गुणस्तरीयता, विश्वसनीयता समेत मापन गर्दै डाटालाई further analysis को लागि योग्य बनाउन सूचना प्रविधि अधिकृतको आवश्यकता रहने हुँदा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा ८(१)(ग), दफा २२(४) र दफा २३(२) बमोजिम सूचना प्रविधि अधिकृत नियुक्त गर्नु पर्ने भएको छ ।

**उद्देश्य** :

आवश्यक दक्ष जनशक्ति प्राप्त गर्ने ।

**कार्य विवरण** : सूचना प्रविधि अधिकृतले गर्नुपर्ने कार्यहरुको कार्य विवरण निम्नानुसार हुनेछ :

- तथ्याङ्क चेक गर्ने,
- तथ्याङ्क प्रशोधन तथा विश्लेषण गर्ने,
- प्रोग्रामिङ्ग तथा कोडिङ्ग गर्ने,
- आवश्यक रिपोर्टहरु generate गर्ने,
- संकलन भई केन्द्रीय सर्भरमा आएका तथ्यांकहरुको परीक्षण गरी कुनै समस्या देखिएमा गणक तथा सुपरीवेक्षकलाई पृष्ठपोषण प्रदान गर्ने,
- MySQL लगायत डाटावेश update गर्ने,
- STATA, SPSS, CSPro, GIS लगायतका application handle गर्ने,
- Tablet based android application लाई आवश्यकता अनुसार व्यवस्थापन गर्ने,
- Web based application लाई आवश्यकता अनुसार व्यवस्थापन गर्ने,

- PHIMIS Software लाई आवश्यकता अनुसार व्यवस्थापन गर्ने,
- तालिम प्रदान गर्ने,
- जिल्ला तथा स्थानीय तहहरुसँग सम्पर्क र समन्वय गर्ने,
- जिल्ला तथा स्थानीय तहमा आई परेका समस्याहरुको समाधान गर्ने,
- आवश्यकता अनुसार कार्यालयका सबै कार्यहरु गर्ने ।

**३. <u>उपलब्धिहरू (expected outputs)</u> :**

माथि उल्लेख गरिए बमोजिमका कार्यहरू सम्पन्न भएपछि निम्नबमोजिमका उपलब्धिहरू हुनेछन् :

- तथ्यांकमा एकरुपता हुने,
- आवश्यकता अनुसार सफ्टवेयरलाई परिमार्जन गर्न सक्ने,
- आवश्यकता अनुसार रिपोर्टहरु generate हुने,
- तत्काल आइपरेका समस्याहरुको पृष्ठपोषण प्राप्त भई समस्या समाधान हुने,
- डाटावेश update हुने,
- सफ्टवेयर तथा application हरुको व्यवस्थापन हुने,
- मन्त्रालयलाई आवश्यक दक्ष जनशक्ति प्राप्त हुने ।

**४. <u>समयावधिः</u>**

निजहरुको समयावधि २०७७ असार मसान्तसम्म रहनेछ र निजहरुको समयावधि आवश्यकता अनुसार मन्त्रालयले म्याद थप गर्न सक्नेछ ।

**५. <u>सेवा सुविधा</u> :**

- निजहरुको पारिश्रमिक नेपाल सरकारको राजपत्रांकित तृतीय श्रेणीको शुरु तलवमान बराबरको हुने,
- कार्यालयको काममा अनुगमन, सुपरीवेक्षण लगायतका कार्यमा खटिँदा निजले नेपाल सरकारको राजपत्रांकित तृतीय श्रेणीले पाउने सेवा सुविधा समेत पाउनेछ ।

६. **योग्यता/अनुभव** :

- कम्प्यूटर/आई.टी. इन्जिनियरिङमा कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको,
- कम्तिमा २ वर्ष कम्प्यूटर Web based application प्रोग्रामिङमा काम गरेको,
- तथ्यांक व्यवस्थापन प्रणाली विकासमा अनुभव भएको,
- Microsoft SQL Server 2014 वा त्यो भन्दा माथिको ज्ञान भएको,
- Agile development सम्बन्धी विषयमा अनुभव भएको,
- टोली नेतृत्व गर्न सक्ने क्षमता भएको,
- नवीनतम प्रविधि (Latest technology) मैत्रीमा कार्य गर्न सक्ने,
- Software सम्बन्धी Business Process, architecture, design आदी विषयमा अनुभव भएको ।

७. **पेश गर्नुपर्ने कागजात** :

- स्नातक तहको लब्धांक प्रमाणपत्र तथा चारित्रिक प्रमाणपत्र,
- नेपाली नागरिकताको प्रतिलिपि,
- वैयक्तिक विवरण (Biodata),
- कार्य अनुभवको पत्र,
- तालिम सञ्चालनको अनुभव भएमा सोको प्रमाणपत्र,
- SPSS, STATA र GIS मा तालिम लिएको भए सोको प्रमाणपत्र,
- नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएमा सोको प्रमाणपत्र ।